स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नायिका मिरुना मगर नयाँ फिल्ममा अनुबन्धित भएकी छिन् । फिल्म 'रङ्गेली ग्याङस्टर'मा उनी जोडिएकी हुन् । ग्याङस्टर कथावस्तुमा बन्न लागेको फिल्ममा अभिनेता अर्पण थापा भने पहिले नै अनुबन्धित भैसकेका छन् । आगामी भदौ २० गतेबाट छायांकनमा निस्कन लागेको फिल्मको छायांकन पूर्वी मोरङको रङ्गेलीमा हुनेछ ।अर्जुन सुवेदीको लेखन तथा निर्देशन रहने फिल्म आगामी भदौ २० गतेबाट छायांकन जाने छ । फिल्मका लागि बाँकी कलाकारहरु अडिसनबाट लिने तयारीमा निर्माण टिम छ ।

आजको विचार...



राजनीतिक...
(दुई पेजमा)

विष्णुप्रसाद खनाल



अभिनेता सलोन बस्नेतले ठूलो अपेक्षा राखेको फिल्म हो, 'जय हो' । यो फिल्म व्यावसायिक रुपमा सफल भएको खण्डमा उनलाई सहायक चरित्रमा सीमित हुनुपर्ने बाध्यता हट्नेछ । पिता शोभित बस्नेत प्रस्तुतकर्ता भएकाले उनलाई यो फिल्म सफल हुर्नैपर्ने दबाब पनि छ । यसैले उनी फिल्म रिलिजको एक महिना अगावैदेखि प्रचारमा उत्रिएका थिए । तर, शुक्रबार उनी अष्ट्रेलिया उडे । सलोन अष्ट्रेलिया उड्नुअघि फिल्ममा समावेश 'राजा रानी' बोलको रोमान्टिक गीत काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको थियो ।

❑ वर्ष २९ ❑ अंक १५ ❑ २०८० साउन १५ गते सोमबार 31 July 2023, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### बारुद गोदाममा विस्फोट हुँदा दशको मृत्यु

(रासस/एएफपी)

**ब्याङ्कक,** साउन१४/दक्षिणी थाइल्याण्डमा अनुमति नलिइ सञ्चालन गरिएको बारुद गोदाममा शनिबार अपराह्न भएको शक्तिशाली विस्फोटमा ज्यान गुमानेको संख्या १० पुगेको स्थानीय गभर्नरले बताएका छन् । अनुमति बिना गोदाम सञ्चालन गरेको आरोपमा गोदामका मालिकलाई प्रहरीले खोजी गरिरहेको छ । शनिबार दिउँसो सुङ्गाई कोलोक सहरस्थित एक भवनको गोदाम नजिक वेल्डिङ गर्दा झिल्का लागेर विष्फोट हुँदा एक सयभन्दा बढी घाइते भएका तथा सयौं घरमा गम्भीर क्षति भएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । 'हामीले १० जनालाई पहिचान गरेका छौं र दुईवटा शवका भाग फेला पारेका छौं जसको हामीले अझै पहिचान गर्न सकेका छैनौं, डिएनए परीक्षणलागि सम्बन्धित निकायमा पठाइएको छ,' नाराथिवाटका प्रान्तीय गभर्नर सानन पोंगाक्सर्नले पत्रकार सम्मेलनमा भनेका छन् । नरथिवाटका प्रहरी कमाण्डर, प्रहरी मेजर जनरल चालर्मपोर्न खाम्खिउले विष्फोट हुनुभन्दा केही समयअघि वारुद गोदामबाट पटाका क्रेतासमक्ष आपूर्ति गरिएको बताएका छन् ।

# आज साउन प्रन्ध : खिर खाने दिन

## खिरको मौलिक स्वाद हराएकोमा पुराना पुस्ताको गुनासो

रामचन्द्र रायमाझी

**पाल्पा,** साउन १४/ साउन १५, आज नेपाली समाजमा खिर खाएर मनाइँदै छ । वर्षा ऋतुका बेला असार १५ गते दही च्युरा र साउन १५ मा खिर खाने प्राचीनकालदेखिको नेपाली परम्परा हो । साउने झरी पर्ने बेलामा तातो खिरले स्वास्थ्यलाई राम्रो गर्ने भएकाले खिर खाने गरिएको पाइन्छ । दूधमा मरमसलालगायत चिजबिज हालेर बनाइने खिरले स्वास्थ्यमा राम्रो गर्ने भएकाले यसको परम्परा बसेको विश्वास गरिन्छ ।

असारे चटारो पछिको फुर्सदका साथै वर्षाको झरीमा भिजेको शरीरलाई निरोगी बनाउन तथा उर्जामय राख्न खीर खाने गरिन्छ । परापूर्वककालदेखि नै पुर्खाहरुले मौसम अनुसार श्रम र मानव स्वास्थ्यलाई सन्तुलनमा राख्न यस प्रकारको भोजनलाई चलनचल्तीमा ल्याएका



हुन् । दूधमा प्रोटिन र फ्याटको मात्रा हुने र चामलबाट कार्बोहाइड्रेड र अन्य ड्राइ फ्रुट्सले भिटामिन, मिनरल्स प्रदान गर्ने भएकाले पनि खिरलाई पोषिलो परिकारका रुपमा लिने गरिन्छ । खिरमा प्रयोग गरिने मरिचले कफ हटाउन मदत गर्ने, दूधले शरीरमा शीतलता प्रदान गर्ने, दाख अग्निवर्द्धक हुने हुँदा पित्त नाश गर्ने, केसरले बल प्रदान गर्ने, र नरिवल आफैंमा बहुगुणकारी फल भएकाले पनि खिर खानु स्वास्थ्यवर्द्धक भएको आर्यूवेदशास्त्रमा उल्लेख छ । धान रोपेर काम सकेपछि खुसीयाली स्वरूप साउन १५ मा खिर खाने चलन रहेको पाल्पा पूर्वखोलाकी लक्ष्मीदेवी देवकोटा बताउँछिन् । उनी भन्छिन् 'साउन महिनामा गाउँ-घरमा खेतीपातीको काम सकिन्छ । हरियाली बढी हुने भएकाले घाँस बढी पाइन्छ । राम्रा र धेरै घाँस पाइने बेलामा गाई, भैंसीले पनि धेरै दूध दिन्छन् । दूध धेरै भएपछि इष्टमित्र, चेलबेटीलाई घरमा बोलाएर खिर खाने चलन चलेको हो ।' साउनलाई भगवान् शिवको महिना पनि भनिन्छ । शिवलाई दूध र दूधमा बनेका परिकार मनपर्ने भएकाले खिरलगायत मिठाई विधिपूर्वक चढाउने पनि गर्ने गरिएको देवकोटाको भनाई छ । पछिल्लो समय गाउँघरमा गाई, भैंसी पाल्ने चलन कम हुँदै गएपछि पोषिलो खिरको मौलिक स्वाद भने हराउँदै गएको छ । पहिले-पहिले प्रत्येकको घरमा गाई भैंसी पाल्ने गर्थे । घरमा गाई, भैसी हुनेले दूध, दही, मोही, नौनी खाने चलन थियो, तर त्यो हिजो आजभोलि भने हराउँदै गएको छ । वर्षको एकदिनमात्र परम्परा धान्न र अरुलाई देखाउनकै लागि भएपनि डेरीको दूधमा खिर बनाएर खाने चलन अहिले बढेको छ । डेरीको दूधबाट बनाइएको खिरको मौलिक स्वाद भने हुँदैन् । पहिले जस्तो खिरमा मौलिक स्वाद नभएको पुराना पुस्ताहरुको गुनासो छ । पहिले-पहिले घरमै भएको दूधबाट बनाइएको खिरको स्वाद नै बेग्लै हुन्थ्यो, अहिले भने डेरीबाट किनेर ल्याएको दूधको खिर खासै स्वादिष्ट हुँदैन, गुल्मीको मुसिकोटबाट बुटवलमा छोरासँगै बस्दै आएकी ७३ वर्षीय लीला खत्रीले भनिन् । आज साउन १५ मा घरपरिवारका सदस्य भेला भई खिर खाने योजना बनाइएको उनको भनाई छ । नेपाली समाजमा साउन १५ गते खीर, बनाएर इष्टमित्र एवं छोरीचेलीलाई बोलाएर खुवाउने र आफू पनि खाने लौकिक चलन रहिआएको छ ।

# तरुण दल कालीगण्डकीको सभापतिमा श्रेष्ठ



**गुल्मी,** साउन १४/नेपाल तरुण दल कालीगण्डकी गाउँपालिका गुल्मीको सभापतिमा सुरेश श्रेष्ठ सर्वसमत निर्वाचित भएका छन् । दरुण दल पालिकाको प्रथम अधिवेशनले श्रेष्ठलाई सभापतिमा सर्वसमत निर्वाचित गरेको हो ।

जसको वरिष्ठ उपाध्यक्षमा विक्रम पुन, उपाध्यक्षहरूमा श्रीप्रसाद राना, डिलबहादुर पुन, अमरबहादुर सुनार सर्वसम्मत चयन भएका छन् । सचिवमा कुमार थापा, यमबहादुर थापा, भक्तबहादुर श्रीस चयन भएका छन् । सह-सचिवमा सचिन शाह, शंकर न्यौपाने, रेशन कुवंर राना, शिशिर पाण्डे, कोषाध्यक्षमा चन्द्रबहादुर क्षेत्री रहेका छन् । यस्तै वरिष्ठ सदस्यमा कुशल श्रीस, कृष्ण बिक, होमबहादुर थापा, चित्र गौचन, प्रेम बिक, मुक्ती न्यौपाने, नारायण न्यौपाने, निमबहादुर दर्लामी, रेशम थापा, किरण गुरुङ, सुरेश दर्लामी, सन्दिप नेपाली, सुमन राना, छत्रबहादुर थापा, चन्द्रबहादुर थापा, मीनबहादुर बुढाथोकी, मनबहादुर सुनार सर्वसमत निर्वाचित भएका हुन् ।


अधिवेशनको नेपाली काँग्रेस गुल्मीका सभापति खिलध्वज पन्थीले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै सभापति पन्थीले लोकतन्त्रलाई बलियो बनाउने दिशामा तरुणहरु एक हुनुपर्ने बताए ।

# कुलो सफा गर्ने क्रममा पहिरोले च्याप्दा चार महिला घाइते


## घाइतेको अवस्था बुझ्न काँग्रेस सचिव भट्टराई अस्पताल

**गुल्मी,** साउन १४/जिल्लाको सत्यवती गाउँपालिका-२ चेहमीमा पहिरोले च्याप्दा चार जना महिला घाइते भएका छन् । सिँचाई कुलो सफा गर्ने क्रममा एक्कासी माथिबाट खसेको पहिरोले च्यापेर चार महिला घाइते भएका हुन् ।

चेहीका ६६ मोहीहरू सिँचाई कुलो सफा गर्न झारा गएका थिए । उनीहरु मध्ये चार जनालाई पहिरोले च्यापेको हो । पहिरोले च्यापेर घाइते हुनेमा ४४ वर्षीया प्रेमकला कुँवर, ६८ वर्षकी भगवती कुँवर, ४८ बर्षकी लक्ष्मी दर्जी र अर्को एक स्थानीय महिला रहेको बताइएको छ । उनीहरुको तानसेनको युनाइटेड मिसन अस्पतालमा उपचार भइरहेको छ । घाइते प्रेमकला कुँवरको कम्मरको हड्डी भाचिएका कारण तत्काल शल्यक्रिया गरिएको छ, भने भगवती र लक्ष्मीको उपचार भइरहेको छ । अर्को एक जना महिलाको सामान्य उपचारपछि डिस्चार्ज गरिएको







अस्पतालले जनाएको छ । स्थानीय वन कुलोमा झारा गर्न गएका ६६ जना मध्ये अधिकांश महिलाहरू रहेका थिए ।

शनिबार दिउँसो १ बजेको समयमा कुलोको माथिबाट पहिरो खसेपछि एक छिन भागाभाग भएको थियो । भाग्न नभ्याएका महिलाहरूलाई पहिरोले च्याप्दा उनीहरू घाईते भएको स्थानीले बताएका छन् ।

च्यापिएका उनीहरुको स्थानीयको सहयोगमा उद्धार गरिएको अस्पताल पठाइएको थियो । घाइतेहरूको स्वास्थ्य अवस्था बारे बुझ्न नेपाली काँग्रेस गुल्मीका सचिव जगदीश भट्टराई आइतबार दिउँसो अस्पताल पुगेका थिए । उनीहरूको अवस्था बारे जानकारी लिई सिघ्र स्वास्थ्यलाभको कामना गर्दै घटनाबाट आफु र सिगो पार्टी दुखी भएको सचिव भट्टराईले बताए । उनले घाइतेहरुलाई स्थानीय, प्रदेश, संघीय सरकारहरूबाट तत्काल राहत स्वरूप उपचार खर्च उपलब्ध गराउनु पर्ने माग गरेका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

## सम्पादकीय

# डेंगुबाट बच्न सतर्कता जरूरी

वर्षासँगै डेंगु संक्रमण बढ्दै गएको छ । अहिले देशका अधिकासं अस्पतालहरुमा डेंगुका बिरामीको चाप देखिन्छ । दिनहुँ डेंगु संक्रमितहरु बढ्दै गए पनि सुरक्षा सतर्कतामा भने ध्यान दिएको देखिँदैन । अहिले डेंगु महामारी ६९ जिल्ला प्रवेश गरिसकेको छ । गर्मीयामको चरमोत्कर्ष बाँकी नै छ । मनसुनी याम असोजसम्मै रहन्छ, त्यतिबेलासम्म डेंगुको डर जाँदैन, लामखुट्टे सक्रिय भइरहन्छ । एडिस जातिका पोथी लामखुट्टेको टोकाइबाट संक्रमण हुने भाइरल ज्वरोमध्ये एक डेंगु पनि हो । ज्वरो आउने, आँखा रातो हुने र दुख्ने, टाउको, पेट, जोर्नी र मांसपेशी दुख्ने, आलस्य हुनेजस्ता डेंगुका सुरुवाती लक्षणहरु हुन् । एक प्रकारको विषाणुबाट डेंगु भइसकेको व्यक्तिलाई अर्को प्रकारको विषाणु भएको लामखुट्टेले टोकेको अवस्थामा डेंगु घातक हुन्छ । गत वर्ष मंसिरदेखि यस वर्षको असारसम्मका आठ महिनामा डेंगुबाट सात जना बिरामीको मृत्यु भइसकेको छ । यस अवधिमा ४ हजार २ सय ८९ जना संक्रमित भएका छन् । सुरुमा डेंगु महामारी आउँदा जुन किसिमले प्रचार–प्रसार र त्यसबाट बच्न उच्च सुरक्षा सतर्कता अपनाइएको देखिन्थ्यो, तर अहिले त्यस्तो देखिदैन । यसले गर्दा पनि संक्रमितको संख्या अझै बढ्नसक्ने देखिएको छ ।

पछिल्लो समयमा लापरवाहीका कारण पनि डेंगुबाट संक्रमितको संख्या ह्वात्तै बढेको हो । सरकारी तवरबाट पनि प्रचार संयन्त्रमा महामारीविरूद्धको सतर्कता प्राथमिकतामा परेको देखिँदैन । स्थानीय, संघीय तथा प्रादेशिक सरकारका बिचमा महामारी नियन्त्रणका लागि प्रभावकारी समन्वय र सहकार्य हुन सकिरहेको छैन । यो अत्यन्त दुखद् हो । फैलंदो संक्रमणको अवस्थाममा सरकारले अभिभावकीय भूमिका निर्वाह गर्नु पथ्र्यो । त्यसो नहुनु विडम्वना हो । नागरिकहरूले पनि लापरवाही नगरी लामखुट्टेको टोकाईबाट बच्ने कुरामा संवेदनशील हुनुपर्छ । लामखुट्टेले बासस्थान बनाउन नपाओस् भनेर सरसफाइ गर्ने, पानी जम्न नदिने र झाडीहरू भए फाँड्ने गर्नुपर्छ । यसो गर्न सकियो भने पनि केही हदसम्म डेंगु लाग्नबाट बच्न सकिन्छ । रोग लागेर उपचार गर्नुभन्दा रोकथाम गर्नु नै उत्तम हो । यसर्थ यसतर्फ सबैले उच्च सर्तकता अपनाउन जरुरी छ ।

## Opinion @ Social Network

साथी सधैं साथमा कहाँ हुन्छन् र !
साथमा हुन्छ त कवेल तिनीहरुसँग बिताएको मिठो पलहरु मात्र ।
*(सोनु गुरुङ्को फेसबुक स्टाटस https://www.facebook.com/Sonu.Gurung.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीतिक दलहरूमा पारदर्शिताको समस्या



## विष्णुप्रसाद खनाल

*हरेक राजनीतिक दलको आ–आफ्नै विधानहुन्छ । राजनीतिक दल र त्यसको नेतृत्वको सत्ताकेन्द्रित राजनीतिले गर्दा स्थापनको सात दशक लामो इतिहास बोकेको राजनीतिक दलहरूको भविष्य सुरक्षित देखिँदैन् किनकि उनीहरूमा अझै पारदर्शिता देखिँदैन । हरेक राजनीतिक दल तथा उनीहरूको भ्रातृ संगठनहरू विधि विधानमा चल्नुपर्छ भन्ने मान्यता राखिन्छ तर व्यवहार ठीक उल्टो हुन्छ । प्रवृत्ति कम्युनिष्ट पार्टीहरूमा मात्रै होइन् ।*

राणा शासनको अन्त्यसँगै देशको शासन व्यवस्थामा राजनीतिक दलहरू नै शासनको केन्द्रमा रहन थाले तर पञ्चायती व्यवस्थामा देशको नेतृत्व राजाको हातमा पुग्यो र ततपश्चात् फेरि राजनीतिक दलहरू नै शासन व्यवस्थाको केन्द्रमा रहन थाले । सात दशकभन्दा बढी समय देशको नेतृत्व गरेपनि राजनीतिक दलहरूमा पारदर्शिताको समस्या चुलिँदै जान थाल्यो । राजनीतिक दलहरूले समयमा लेखा परीक्षण गर्दैनन् । लेखापरीक्षण र अद्याधिकका लागि निर्वाचन आयोगले ताकेता गर्नुपर्ने अवस्था छ, जुन विडम्बनाको विषय हो । आफैं पारदर्शी नहुने दलहरूले देशलाई कसरी पारदर्शी बनाउन सक्छन् भन्ने प्रश्न जनता सामू रहेको छ । उम्मेदवार तथा प्रतिनिधिहरूले विवरण नबुझाएर जरिवाना तिर्नुपर्ने अवस्था आउनु आफैंमा लज्जाको विषय हो । जनतामाथि शासन गर्नेहरू पहिला आफू पारदर्शी हुनु जरुरी छ । अझै कतिपय राजनीतिक दलहरू र त्यसका प्रतिनिधिहरूले सम्पत्ति विवरण पेश नगरेको अवस्था छ । यस्तो अवस्थामा जनताले उनीहरूबाट जनताले पारदर्शी र जवाफदेहिताको सन्दर्भमा के अपेक्षा गर्ने ? प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनमा खर्च विवरण सार्वजनिक गर्न नसक्दा सयौंको संख्यामा रहेका उम्मेदवारलाई १५ हजार रुपैयाँका दरले निर्वाचन आयोगले जरिमाना तोकेको छ भने उनीहरूको विवरणसमेत सार्वजनिक गरेको अवस्था छ ।

निर्वाचन आयोगले सार्वजनिक गरेको अभिलेख अनुसार कोशी प्रदेशमा १ सय ९३ जना उम्मेदवार जरिवानामा परेका छन् भने मधेस प्रदेशमा ४ सयजना उम्मेदवार कारबाहीमा परेका छन् । त्यसैगरी, वाग्मती प्रदेशमा २ सय ४८ जना, गण्डकी प्रदेशमा ४९ जना, लुम्बिनी प्रदेशमा ९४ जना, कर्णाली प्रदेशमा १६ जना र सुदूरपश्चिम प्रदेशमा ३७ गरी जम्मा १ हजार ३७ जना उम्मेदवारले खर्च विवरण सार्वजनिक नगर्दा १५ हजार रुपैयाँका दरले जरिवानामा परेका छन् । यसरी हेर्दा उनीहरू राज्यप्रति जिम्मेवार छैनन् भन्ने निश्चित छ । एकातिर जनताको सेवाको लागि, चुस्तता, दुरुस्तताका लागि, न्याय र सुशासनका लागि गरिने राजनीतिमा देखिने यो प्रवृतिले राजनीतिक दल र तिनका जुझारू कार्यकर्तामात्रै नभएर समर्थक समेत राज्यप्रति उत्तरदायी छैनन् भन्नेकुरा स्पष्ट हुन्छ । जवाफदेही, पारदर्शी तथा कर्तव्यबोध राजनीतिक दलहरूको गहना हो तर जबसम्म राजनीतिक दलहरूको गतिविधि सञ्चिँदैनन् तबसम्म जवाफदेही र पारदर्शिता केवल कागजको टुक्रामा मात्र सीमित हुन्छ । हरेक राजनीतिक दलको आआफ्नै विधानहुन्छ । राजनीतिक दल र त्यसको नेतृत्वको सत्ताकेन्द्रित राजनीतिले गर्दा स्थापनको सात दशक लामो इतिहास बोकेको राजनीतिक दलहरूको भविष्य सुरक्षित देखिँदैन् किनकि उनीहरूमा अझै पारदर्शिता देखिँदैन । हरेक राजनीतिक दल तथा उनीहरूको भ्रातृ संगठनहरू विधि विधानमा चल्नुपर्छ भन्ने मान्यता राखिन्छ तर व्यवहार ठीक उल्टो हुन्छ । प्रवृत्ति कम्युनिष्ट पार्टीहरूमा मात्रै होइन् । नेपाली कांग्रेसमा समेत त्यस्तै छ । कुनै पनि राज्यमा राजनीतिक दलहरू हुनु, दलहरूको बीचमा प्रतिस्पर्धा हुनु त्यसले देशको विकासको मार्गमा सहयोग गर्नु राम्रो कुरा हो तर आफ्नै शरीरभित्र रोग लुकाएर जनता र समाजको सेवा गरेको जस्तै हो । नेपालमा राजनीतिक दलहरूको पारदर्शिता एकदमै कमजोर छ । त्यसैले राजनीतिक दलहरूले सबैभन्दा पहिला संगठनभित्रको आन्तरिक पारदर्शितामा जोड दिनु आवश्यक देखिन्छ । त्यसैगरी, उनीहरू जिम्मेवारी बोध र कर्तव्य निष्ठालाई ध्यानदिनु अत्यन्तै जरूरी देखिन्छ । राजनीतिक दलको नेतृत्वको प्रवृत्ति हेर्दा लामो समयदेखि आफूले नेतृत्व गरेको राजनीतिक दललाई कुनै एउटा प्रा.लि.जस्तै बनाएका छन् जसले गर्दा न त नेतृत्व परिवर्तन हुन्छ न त नीति नै परिवर्तन हुन्छ । नेकपा एमालेभित्रको पारदर्शिता पनि त्यति प्रभावकारी देखिँदैन् अध्यक्षको विरुद्धमा जाने चेष्टा गर्नेहरू नेकपा एमालेबाट निकालिन्छ, जिम्मेवारीबाट वञ्चित गराइन्छ ।

नेपाली कांग्रेको कथा पनि त्यो भन्दा कम छैन । कार्यसमितिको बैठकमा समेत सस्दस्यहरूको बोल्ने समयलाई कटौती गरिन्छ । नेकपा माओवादी केन्द्रको हालत पनि त्यस्तै छ जसले गर्दा माओवादीमा नेपालका वर्तमान प्रधानमन्त्री समेत रहेका पुष्पकमल दहालको तीसौं वर्षदेखि एकछत्र शासन चल्दै आएको छ । उनको विरोध गर्नेहरू कि त जिम्मेवारी खोसिएका छन्, कतै उनीहरूलाई पार्टीबाट निकालिएको छ र उनीहरूले नयाँ पार्टी खोलेका छन् । कुरा दलहरूको आर्थिक पारदर्शिताको मात्रै होइन्, उनीहरूले उठाउने लेवी, चन्दा र सहयोगको मात्रै होइन्, उनीहरूको अर्थसँग जोडिएका सवालमा उनीहरूको प्रवृत्ति, उनीहरूको आम्दानीको स्रोतको पनि कुरा हो । आर्थिक पारदर्शिता, राजनीतिक पारदर्शिता, नैतिक पारदर्शिता र मनोवैज्ञानिक पादर्शिताको अभाव देखिन्छ नेपालका राजनीतिक दलहरूमा जसको समयमै समाधान खोजिनुपर्दछ । राजनीतिक दलकै कोटाबाट जागिर खानेहरूले बुझाउने रकम कहाँ जान्छ ? सरुवा तथा बढुवामा लिइने मोटो रकमको हिसाबकिताब नेपालका राजनीतिक दलहरूसँग छैन । निर्वाचनअघि टिकटका लागि बार्गेनिङ सुरु हुन्छ, निर्वाचित भए पनि मन्त्री बन्नकै लागि बार्गेनिङ सुरु हुन्छ । कुन-कुन योजना तथा आयोजना आफ्नो कोल्टामा पार्ने भन्ने प्रतिस्पिर्धामा दैडिरहेको राजनीति, पारदर्शिता र जवाफदेहीलाई अलि टाढा राख्न प्रवृत्तिलाई तीव्रताका साथ अघि बढाएको पाइन्छ । हामी सानो चोटपटक लाग्दा, शरीरमा कुनै खराबी देखा पर्दा अस्पताल दौडिन्छौं, आफ्नो जाहेजेथा बेचेरै भए पनि रोग निको बनाउँछौं । एउटा व्यक्ति र परिवारभित्र त्यो प्रक्रिया चल्छ भने राजनीतिक दल तथा त्यसका कार्यकर्ताले पारदर्शिता किन खोज्दैनन् वा राजनीति गर्नेहरूलाई सबै कुराको छुट हुन्छ ? यो वाद वा त्यो वादको नाममा शासन गरिरहँदा जनताको वाद खोइ ? नारा लगाउन सजिलो होला, जग्गा कब्जा गर्न सजिलो होला, जनतालाई झुक्याउन सजिलो होला, राज्यको सम्पत्तिका दुरुपयोग गर्न सजिलो होला तर जनताका वास्ताविक समस्या सम्बोधन गर्न, राज्यलाई पारदर्शी बनाउन त्यति सजिलो छैन । आफूलाई अनुकूल हुँदा जे पनि ठीक, आफू अनुकूल नभए जे पनि बेठिक भन्ने प्रवृत्तिले राजनीतिक दलहरूको अराजकताको पराकाष्टा बाहिरिएको छ । संसद्को गति सुस्त छ भने नेताहरू सम्पत्तिको जोहो गर्न र आफ्ना अनुयायीलाई जागिर खुवाउन तल्लिन भएको अवस्थामा राजनीतिको फोहोरबाट दलहरू बाहिर निस्कन सक्लान त भन्ने सवालमा दुविधा उत्पन्न भएको छ ।

देशमा बजेट नभएको होइन्, कार्यक्रम तय नगरिएका होइनन तर पारदर्शिता नै नभए पनि बजेट र कामर्यक्रमको कुनै अर्थ हुँदैन् । हरेक राजनीतिक दलले आफू शक्ति वा सत्तामा पुग्न अवैध रकमको प्रयोग गर्ने कार्यलाई तीव्रता दिन्छन् तथा त्यसलाई रोक्न रोक्न राजनीतिक दलसम्बन्धी कानुनको अभ्यास गर्ने गरिन्छ तर यथार्थमा ती कानुन केवल कागजको टुक्रामात्रै बनाइएको छ । नेपालमा पनि राजनीतिक दलहरूको क्रियाकलाप तथा आर्थिक व्यवस्थापनलाई पारदर्शी र जिम्मेवार बनाउन राजनीतिक दलसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन् २०७४ को परिच्छेद ७ र ८ मा दलको कोष तथा लेखा र लेखापरीक्षणको व्यवस्था हुँदाहुँदै त्यसको पालन नहुँदा यसले नेपाली राजनीति अराजकाताको भूमरीमा राजनीतिक दलहरू फस्ने गरेको स्पष्ट छ । ऐतिहासिक दस्तावेज अनुसार नेपालमा विसं १९९३ मा प्रजा परिषद्को गठन भएपछि नेपालमा राजनीतिक दलहरू च्याउजस्तै उम्रन थाले, दलहरू जुटने र फुटने क्रमको सुरूवात भयो र त्योसँगै आर्थिक पारर्शिता पनि कमजोर बन्दै गयो । पछिल्लो समयमा निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलहरूको संख्या १ सय १६ थियो । तर करिब डेढ दर्जनभन्दा बढी राजनीतिक दलहरूले प्रतिवेदन नै पेश नगरेको अवस्था छ । कुनै नागरिक वा नागरिक समूहले एउटा संस्था वा प्रालि दर्ता गर्‍यो भने उसका लागि सबै कुरा समयमै बुझाउनुपर्ने हुन्छ । समयमा काजगात तथा कर बुझाउन सकिएन भने संस्था नै खारेज हुने, जरिवाना तिनुपर्ने तर राजनीतिक दलहरूको राजनीति संस्था दर्ता गरेपछि कुनै पनि कानुन पालना गर्नु नपर्ने कस्तो विडम्बनाको विषय हो । लोकतान्त्रिक व्यवस्थामा चर्का नारा र कार्यक्रमले मात्रै देशको लोकतन्त्रको पारदर्शितालाई निदृष्ट गर्न सक्दैन् । त्यसका लागि व्यवहार, आचरण, पारदर्शिता र जवाफदेहितामा सुधार हुनु जरुरी छ । राजनीतिक दलहरूको आम्दानीको वैधानिक स्रोत भनेको पार्टी सदस्यहरूबाट उठाइने लेबी तथा स्वेच्छिक चन्दा भए तापनि जबर्जस्ती चन्दा असुली, राजनीतिक आडमा ठेक्कापट्टाबाट प्राप्त रकम, राजनीतिक संरक्षणमा गरिने भ्रष्टचार तथा कमिसनले राजनीतिक क्षेत्रको पारदर्शिताको अवस्थालाई उदांग पारिदिएको छ ।

समग्रमा, राजनीतिक दलहरूको पारिदर्शिताको साथसाथै जवाफदेहितको सवालमा, राजनीतिक दलको टोल समिति, वडा समिति, नगर समिति, क्षेत्रीय समिति, जिल्ला समिति, प्रदेश स्तरीय समिति केन्द्रीय समितिको हरेक क्रियाकलाप तथा आर्थिक कारोवारको पारदर्शिताको अध्ययन, अनुसन्धान तथा छानविन गर्नु जरुरी छ । पारदर्शिता भएन भने त्यसले कालान्तरमा विकराल समस्या ल्याउन सक्दछ । जे गरेपनि हुन्छ भन्ने मानसिकतावाट राजनीतिक दल, राजनीतिक दलको नेतृत्व र दलका कार्यकर्ता मुक्त हुनु जरुरी छ । राजनीतिक दलहरूको वैधानिक आम्दानीको स्रोतलाई मात्र पारदर्शी भएमा र अवैधानिक आम्दानीको स्रोतलाई निरुत्साहित गर्नु जरूरी छ । राजनीतिक दलहरू पनि निश्चित विधि र विधानमा बाँधिनु जरूरी छ । पछिल्लो समयमा राजनीतिक दलहरू र राजनीतिक दलहरूले विभिन्न नाममा आयस्रोत बढाउने र अपरधीलाई संरक्षण दिने कार्यले काननको धज्ज उडाएको छ । नदेखिने आम्दानीका स्रोतबाट राजनीतिक दलहरू चल्न थालेपछि पारदर्शिता माथि प्रश्न उठन थाल्छ, जसका कारण देश अपराधीहरूको अखडा बन्ने भएकाले हरेक राजनीति दलहरू जिम्मेवार हुनु आवश्यक छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ । | **तुला** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । स्वादिष्ट भोजन पाइनेछ । |
| **वृष** : संयम रहनु होला । नियमित खर्चसमेत बढ्ने योग रहेको छ । | **वृश्चिक** : अतिथिका रूपमा सम्मान पाइनेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । |
| **मिथुन** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । लगानी गर्ने समय पनि छ । | **धनु** : प्रतीक्षा गरिएको काम पूरा हुनेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । |
| **कर्कट** : रमणीय यात्रा फलदायी हुँदैछ। आकस्मिक धन लाभ हुनेछ । | **मकर** : धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ । |
| **सिंह** : शुभ समाचार सुन्न पाइनेछ । मनोरञ्जनको क्षेत्रमा सहभागी भइनेछ। | **कुम्भ** : रोकिएका अधुरा कार्यहरू पुरा हुनेछन् । पारिवारिक सहयोग मिल्नेछ। |
| **कन्या** : शरीरमा स्फूर्तिको कमी हुनेछ। झुटा आरोप आइपर्दा समस्या खेप्नुपर्नेछ। | **मीन** : परिवारजनको साथले नयाँ आशा पलाउनेछ । मित्रबाट सहयोग मिल्नेछ । |



# गणित र विज्ञानका शिक्षक पाउनै मुस्किल



म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ भुरुङ तातोपानीको सर्वोदय माविले माध्यमिक तहका लागि पाँचौँपटकसम्म सूचना प्रकाशन गर्दा पनि गणित शिक्षक पाएको छैन । माध्यामिक विद्यालय तेस्रो तहको दरबन्दीअनुसार मासिक रु ४३ हजार छ सय ७९ तलब हुने यो पदमा कसैले दरखास्त नदिएपछि गत पुसदेखि दरबन्दी खाली भएको हो । शिक्षक अभावमा विद्यालयले माध्यामिक शिक्षा परीक्षा (एसइई) दिने विद्यार्थीका लागि छिमेकी मुक्तिमार्ग माविका शिक्षक विमल बरुवाललाई बिहान-बेलुकी तथा शनिबार पढाएर कोर्स सक्ने गरी 'पार्टटाइम' नियुक्त गरी पठनपाठन चलाएको प्रअ गोविन्द थापाले बताए ।

"कक्षा ९-१० लाई विज्ञान विषयका र तल्लो कक्षाका शिक्षकले माथिल्लो तहमा पढाउन लगाएर कक्षा खाली हुन रोकेका छौँ", उनले भने, "दरबन्दीका विषयगत शिक्षक नहुँदा पठनपाठन प्रभावित भएको छ ।" मंगला गाउँपालिका-१ पूर्णगाउँको राष्ट्रिय जनजागृति माध्यमिक विद्यालयले मासिक रु ३० हजार तलब हुने गरी गणित विषयका शिक्षक भर्ना गर्न दशौँ पटक विज्ञापन गरेपनि कसैको दरखास्त परेको छैन । पटक-पटक विज्ञापन गर्दा पनि शिक्षक नपाएकै कारण पठनपाठन प्रभावित भएका सर्वोदय र राष्ट्रिय जनजागृति मावि जस्तै धेरै विद्यालयहरु छन् । गाउँका सामुदायिक विद्यालयमा मात्र होइन सदरमुकाम बेनीका सुविधायुक्त निजी विद्यालयले समेत विज्ञान, गणित र कम्प्युटर विषयका शिक्षकको अभाव खेपिरहेका छन् । विज्ञान, गणित र कम्प्युटर विषयका शिक्षक करार र अस्थायी दरबन्दीमा आउन मान्दैनन् । अन्यत्र जागिर सुरक्षित नहुँदासम्म शिक्षण पेसामा आएका शिक्षक पनि सहरी इलाकामै खोसाखोस हुने भएकाले दुर्गममा नआएका राष्ट्रिय जनजागृति माविका प्रअ टेकबहादुर राम्जालीले बताए । पेसाप्रतिको घट्दो आकर्षणले गर्दा शिक्षाशास्त्र पढेका उम्मेदवार शिक्षणभन्दा निजामती सेवातर्फ आकर्षित छन् । जिल्ला शिक्षा विकास तथा समन्वय एकाइका अनुसार गत वर्ष म्याग्दीका सात जना विज्ञान शिक्षक शिक्षण पेसाबाट निजामती सेवातर्फ गए । त्यसैगरी शिक्षक सेवा आयोगबाट मधेसी कोटा र अन्य जिल्लाबाट नाम निकालेर यहाँ नियुक्ति लिएर आउने र एक वर्षपछि सरुवा मिलाएर जाँदा गणित र विज्ञान विषयका शिक्षक सधैँ अभाव हुने अर्को कारण हो । शून्य दरबन्दी भएका विद्यालयमा सरकारले शिक्षण सहायता अनुदानस्वरुप १२ महिनाको रकम दिन्छ । यही रकमले करारमा नियुक्त हुने हो । पारिश्रमिक पनि कम हुने भएकाले आकर्षण कमी हुनुको अर्को कारण भएको शिक्षक महासै म्याग्दीका अध्यक्ष जयराम सुवेदीले बताए । "विद्यालयले शिक्षक आवश्यकता खुलाउँछन्", उनले भने, "अन्यत्र पढाइरहेका शिक्षकले नै पायक पर्ने वा अनुकूलको विद्यालयमा निवेदन दिन्छन् । नयाँ अनुहारले शिक्षण सेवामा आउन चाहेको देखिँदैन ।" सदरमुकाम बेनी र आसपासमा रहेको सामुदायिक तथा संस्थागतबाहेक जिल्लाका सबै माध्यमिक तहका विद्यालयले हरेक वर्ष विज्ञान वा गणित विषयको शिक्षक टिकाउन सकेका छैनन् । "विज्ञान, गणित र कम्प्युटर विषयका शिक्षक नपाउने वा टिकाउनै नसकिने समस्या छ", जिल्ला शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख दलबहादुर थापाले भने, "कक्षा ६ देखि विज्ञान विषय अनिवार्य गरिएको छ तर पढाउन जनशक्ति पर्याप्त छैन । सम्बन्धित विषयका जनशक्ति पनि शिक्षण सेवामा भन्दा निजामतीतर्फ आकर्षित छन् ।" गणित, विज्ञान, कम्प्युटर विषय शिक्षण गर्ने जिल्लाकै उत्पादन नहुनु र बाहिरबाट आएकाहरू एक वर्षमै सरुवा मिलाउने भएकाले समस्या दोहोरिएको उनको भनाइ छ । शिक्षण लाइसेन्स परीक्षामा विषय नमिल्दो र अव्यवहारिक हुँदा पनि शिक्षक समस्या भएको थापाको भनाइ छ । आधारभूत तह कक्षा ६ देखि नै सरकारले विज्ञानलाई अनिवार्य विषयमा राखेको छ । एकाइको तथ्याङ्कानुसार म्याग्दीमा एक सय ७५ वटा आधारभूत तह (कक्षा ६-८) र एक सय १५ माध्यमिक तहमध्ये जम्मा २२-२२ जनामात्र दरबन्दीका गणित र विज्ञान शिक्षक छन् । बाँकी विद्यालयले राहत तथा निजी स्रोतबाट करारका विज्ञान शिक्षक राखेका छन् । विज्ञान र गणित शिक्षक करार र अस्थायी दरबन्दीमा आउन मान्दैनन् ।

गणित शिक्षक हुनका लागि विद्यालय तहदेखि नै ऐच्छिक गणित पढ्न जरुरी छ । तर गणितप्रति विद्यार्थीको आकर्षण छैन । चारवर्षे स्नातक तहमा शिक्षाशास्त्रतर्फ गणित, विज्ञान र कम्प्युटर विषय अध्यापन गराउने जिल्लाको एक्लो म्याग्दी बहुमुखी क्याम्पस छ । बीएड पहिलो वर्षमा चार जना, दोस्रोमा छ, तेस्रोमा तीन र चौथोमा तीन जना विद्यार्थीले मात्र गणित विषय अध्ययन गरिरहेका छन् । बीएडतर्फ विज्ञान लिएर पढ्ने तीन जनामात्र छन् । क्याम्पसले गत शैक्षिकसत्रदेखि विज्ञान र कम्प्युटर विषयको शिक्षक अभाव पूर्ति गर्ने उद्देश्यले बीएडमा विज्ञान र कम्प्युटर तथा सूचना प्रविधि विषय अध्ययन/अध्यापन सुरु गरेको छ । त्यसनिम्ति जिल्लाका सबै स्थानीय तहले आर्थिक स्रोत व्यवस्थापन गरेका छन् । "जिल्लाका विद्यालयमा शिक्षकको धेरै माग भएकाले बीएडमा गणित, विज्ञान र कम्प्युटर तथा सूचना प्रविधि विषय अध्यापन सुरु गरेका हौँ", म्याग्दी क्याम्पसका प्रमुख गोरख जिसीले भने, "स्नातक तहमा गणित विषय अध्यापन गराउने म्याग्दी क्याम्पसका स्रोत विद्यालय जम्मा पाँच छन् । ती विद्यालयबाट स्नातक पढ्न आउने जम्मा चार-पाँच जना विद्यार्थी हुन् । ती पनि चौथो वर्ष पुग्दासम्म हराइसक्छन् अनि कसरी गणित विषयका शिक्षक उत्पादन हुन्छ ?" *-रासस*

# प्राविधिक शिक्षा : सिक्दै, कमाउँदै छन् विद्यार्थी

म्याग्दीको मालिका गाउँपालिका-७ बिममा रहेको किसानी माविमा सञ्चालित प्राविधिक शिक्षा प्रभावकारी बनेको छ । किसानी प्राविधिक शिक्षालय अन्तर्गत बाली विज्ञान र पशु विज्ञान विषय अध्ययन गर्दै आएका विद्यार्थीलाई लक्षित गरी सञ्चालित सिक्दै कमाउँदै कार्यक्रम फलदायी बनेको हो ।

शिक्षालयको बाली विज्ञानतर्फका विद्यार्थीले प्रयोगात्मक सिकाइका लागि गरेको तरकारी खेती व्यावसायिक नै बनेको छ । यहाँका विद्यार्थीले करिब १२ रोपनीमा तरकारी र धान खेती गर्दै आएका छन् । करिब तीन रोपनीमा बर्खे तरकारी खेती गरेका विद्यार्थीको करेसाबारीमा अहिले लौका, गोलभेडा, घिरौँला, तितेकरेला, भाण्टा लगायतका तरकारी उत्पादन भएको छ । विद्यार्थीको करेसाबारीको उत्पादन रहरलाग्दो छ । विद्यार्थीले उत्पादन गरेको कृषि उपज उनीहरु स्वयमले प्रयोग गर्छन् भने गाउँमासमेत बिक्री गर्दै आएको शिक्षालयका प्रमुख करन कँडेलले जानकारी दिए । उनका अनुसार, बाली विज्ञान तर्फका विद्यार्थीले एक हजार किलोग्राम बढी आलु उत्पादन गरेर बिक्री गरिसकेका छन् । यसअघि उनीहरुले च्याउसमेत उत्पादन गरेर बिक्री गरी आम्दानी गरेका थिए । विद्यार्थीले चार रोपनी जग्गामा धान खेतीसमेत गरेका छन् । यस शिक्षालयमा पशु विज्ञान अध्ययन गर्ने विद्यार्थीले कुखुरापालन गर्दै आएका छन् । 'सिक्दै कमाउँदै कार्यक्रम निकै प्रभावकारी बनेको छ, उनीहरु विद्यालय समय भन्दा बाहिरको समयलाई उत्पादनमूलक क्षेत्रमा लगाएका छन्, व्यवहारिक शिक्षासँगै आम्दानी समेत गर्न सफल भएका छन्'-शिक्षालयका प्रमुख कँडेलले भने । विसं २०६८ मा सिटिइभिटीबाट सम्बन्धन प्राप्त गरी १८ महिने जेटिए, तीन वर्षे बाली विज्ञान र तीन वर्षे पशु विज्ञानमा पठनपाठन गराउँदै आएको प्राविधिक शिक्षालयमा अहिले कूल एक सय ४२ जना अध्ययनरत छन् । यहाँ अध्ययन गरेका विद्यार्थी कृषि र पशु शाखातर्फ विभिन्न क्षेत्रमा रोजगारमासमेत आवद्ध हुने क्रम बढेको र घरपरिवारलाई समेत उत्पादनसँग जोड्न सफल भएको विद्यालयका प्रधानध्यापक जंगबहादुर गर्बुजाले जानकारी दिए । यस शिक्षालयले १८ महिने जेटिए, तीन वर्षे बाली विज्ञान र तीन वर्षे पशु विज्ञानतर्फ ४०/४० जना सिटमा भर्ना खुलाएको छ । *-रासस*

# विद्यालय तहमा गणित विषयमा विद्यार्थीको उपलब्धी दिनप्रतिदिन घट्दो किन ?

**प्रकाश कोइराला**

गणित संसारका हरेक आधारभूत तथा माध्यमिक विद्यालयहरुमा अनिवार्य रुपमा समावेश हुँदै आएको महत्वपूर्ण विषय हो । गणना र अंकहरुको सेरोफेरोबाट तार्किक विश्लेषण गरी निष्कर्ष प्रदान गर्ने एकमात्र विषय नै गणित हो भन्नुमा कुनै अत्युक्ति नहोला । हरेक विषयक्षेत्रलाई सुन्दर प्रस्तुतीकरण र तार्किक विश्लेषण गरी उचित निष्कर्ष बोध गराउँदै आफ्नै वा अन्य विषयको सान्दर्भिकतालाई उत्खनन् गर्ने विषय नै गणित भएकाले यसलाई सौन्दर्यात्मक विषय पनि मानिन्छ । संसारका हरेक विषयका विषयक्षेत्रबाट गणितलाई झिकिदिने हो भने ती सबै अपूर्ण मात्र होइन, अर्थहीन नै भइदिन्छन् । मानव जीवन र भौतिक धरातलसँग प्रत्यक्ष सम्बन्धित कुनै विषय छ भने अग्रपङ्क्तिमा केवल गणित नै रहन्छ । नेपालको आधारभूत तथा माध्यमिक तहमा गणितको महत्वलाई बोध गर्दै अनिवार्य विषयको रुपमा समावेश गरिएको छ । विद्यार्थीहरुमा लगानी तथा अध्ययन समयको दृष्टिले सबैभन्दा ठूलो हिस्सा गणितले नै ओगटेको छ ।

मानवीय क्रियाकलापको अन्तर्निहित शक्ति गणितमा नै निहित छ । विज्ञानले वर्तमान विश्वमा जुन प्रभाव पारेको छ, त्यसको अदृश्य शक्ति गणित नै रहेको छ । यो विश्वलाई चलचित्र मान्ने हो भने विज्ञानलाई हिरो भन्न सकिन्छ भने गणितलाई त्यसैको निर्देशक मान्न सकिन्छ । गणितीय प्रमाणीकरण बिना विज्ञानले आफ्नो अस्तित्व स्थापित गर्न सक्दैन तसर्थ गणित सर्वव्यापी छ । विश्वका हरेक पक्षहरुमा गणितको अध्ययन र उपस्थिति जरुरी छ । विद्यार्थीहरुको बुद्धिमत्ताको परीक्षण पनि गणितीय साधनकै प्रयोगले गर्न सकिन्छ । कुनै विद्यार्थी गणितमा कमजोर छ भने उसले हरेक विषयमा आफूलाई कमजोर महसुस गरी आत्मविश्वास विहीन बन्छ तर गणितमा अब्बल विद्यार्थी आफूलाई हरेक विषयमा अब्बल रहेको प्रमाणित गर्न सक्छ र आफूलाई आत्मविश्वासले भर्न सक्छ तसर्थ गणितको भूमिका मननीय र गहन छ । यो बिना विश्वजगत् तथा स्वयं विज्ञान अपाङ्ग छ र गणित एकमात्र अनिवार्य विषय भएको छ । संसारमा गणितको महत्व र महिमा जति नै भए पनि यसलाई विद्यार्थीमाझ सहजै सजिलो महशुस गर्न र गराउन सकेको अवस्था छैन । गणितलाई सबैभन्दा कठिन विषयको रुपमा स्वीकारिएको दुर्भाग्यपूर्ण अवस्थाबाट संसार मुक्त छैन । विद्यालयमा अध्ययनरत विद्यार्थीहरुबीच सबैभन्दा कठिन विषय कुन हो ? भनेर प्रश्न गर्दा अधिकांशको उत्तर एउटै आउँछ: गणित । नेपाली विद्यार्थीहरुको सानो समूहमा मात्र गणित लोकप्रिय छ तर पनि सामुदायिक विद्यालयमा यो गणना अत्यन्तै न्यून छ । सामुदायिक विद्यालयका विद्यार्थीका लागि गणित विषय भूतको घर भएको छ, जसलाई उनीहरु सम्झन समेत चाहँदैनन् । गणित विषयका शिक्षकहरु सबैभन्दा धेरै दु:ख गर्छन् । गणितका तरिका, सूत्र, सिद्धान्तहरु निकै सिकाउने गर्छन् तर पनि परीक्षामा प्राय: विद्यार्थीहरु गणितमा नै अनुत्तीर्ण हुन्छन् । एसइइ मा विद्यार्थीलाई उत्तीर्ण गराउने ठेक्काको सबैभन्दा ठूलो ठेकेदार गणित शिक्षक नै हुन्छ तर पनि अनुत्तीर्ण विद्यार्थीहरुमा अनिवार्य रुपमा गणित लागेकै हुन्छ । गणितमा विद्यार्थीको त्रासले गर्दा शिक्षक पनि निराश भएको विद्यामान अवस्था छ । गणितको वास्तविक ज्ञान हासिल गर्न तमाम विद्यार्थीहरु किन असफल भइरहेका छन् ? गणितीय ज्ञानको बोधबाट विद्यार्थीहरु किन विचलित भई आफूलाई गणित विमुख महशुस गर्छन् ? गणितले किन सबैभन्दा कठिन विषयको दर्जा हासिल गरिरहेको छ त ? के विद्यार्थीले गणितीय विषयवस्तु सिक्नै सक्दैनन् ? यदि सक्छन् भने गणितको शैक्षिक उपलब्धि किन न्यून भइरहेको छ ? राज्यको शैक्षिक उद्देश्य प्राप्तिमा गणित किन बाधक बनिरहेको छ ? अधिकांश विद्यार्थीहरुमा गणितप्रति वितृष्णा जाग्नुको कारण के हो ? भन्ने जस्ता प्रश्नले गणितीय संसार आक्रान्त बनिरहेको छ । विद्यालय तहमा म स्वयं गणितमा आकर्षित नभएको उत्कृष्ट नमुना थिएँ । हाल म गणित मन पराउँछु र गणितकै शिक्षक भएर जीविकोपार्जन गरिरहँदा यो नै मेरो जीवन भएको र लाग्छ यो नै मेरो लागि दन्त्यकथा हो । मेरो विद्यालय जीवन र हालको जीवन गणितीय दृष्टिकोणमा एउटै सिक्काका दुई पाटाझैँ छन् जो एउटै जीवन भएर पनि एकअर्कामा विपरीत छन् र कदापि एकले अर्कालाई देख्न सक्दैनन् । त्यतिबेला गणितबाट आकर्षित नहुने म यतिबेला छोड्नै नसक्ने गरी आकर्षित भएको छु । आफ्नै जीवनको अध्ययन गर्ने इच्छाले गर्दा विद्यालयका मजस्ता विद्यार्थीहरुमा गणितप्रति वितृष्णा जाग्नुका कारणहरु खोजी गर्ने प्रयास गरेको थिएँ ।

**खोजको शीर्षक थियो : विद्यालय तहका विद्यार्थीहरु किन गणित भनेपछि त्रसित छन् ? Causes of Anxiety in Mathematics Learning.**

विद्यालय तहका विद्यार्थीहरु किन गणित भनेपछि त्रसित छन् ? गणितप्रति उनीहरुको रुचि र इच्छा किन जागरुक हुन सकेको छैन ? गणितीय शैक्षिक उपलब्धि किन कमजोर, गुणस्तरहीन र न्यून छ ? उनीहरुमा गणितप्रति वितृष्णा जाग्नुका खास खास कारणहरु के के हुन् ? भन्ने जस्ता यथार्थ प्रश्नहरुको यथार्थ जवाफमा आधारित भएर प्रस्तुत गर्ने प्रयास गरेको छु तसर्थ गणितप्रति विद्यार्थीहरुमा वितृष्णा जाग्नुका कारणहरु निम्न छन् :

**(१)गणितप्रति आत्मविश्वासको अभाव**

आत्मविश्वास सिर्जना र कार्य सफलताको लागि अनिवार्य छ । यसले सिक्ने क्षमतालाई रुचिपूर्वक अभिवृद्धि गर्दछ । आत्मविश्वासको अभावले दिमागी सिर्जनात्मकतालाई अबरुद्ध पार्दछ । हाल सामुदायिक विद्यालयका अधिकांश विद्यार्थीहरु यही आत्मविश्वासको अभावरुपी महारोगबाट ग्रसित छन् । उनीहरुमा गणित सिक्न सकिन्छ भन्ने भावना र मनोबल उच्च नहुँदा चाहेर पनि गणितीय सिकाइले स्थायीत्व पाउन सकेको छैन । अघिल्ला पुस्ताहरुबाट स्थानान्तरण भएको गणितप्रतिको खराब अवधारणाले पछिल्ला पुस्ताहरुको आत्मविश्वासको हरण भएको छ । गणितप्रति विद्यार्थीहरु भयभीत छन् । गणित गाह्रो हुन्छ भन्ने खराब मनोविज्ञानरुपी संस्कृतिको विकास पुस्तौँदेखि भएकाले यो नै गणित सिकाइको सबैभन्दा संवेदनशील र अदृश्य चुनौति भएको छ । विद्यार्थीहरुमा गुमेको आत्मविश्वासलाई स्थापित नगराउँदासम्म गणितीय सिकाइमा गुणस्तरीयता प्राप्त नहुने निश्चित छ ।

**(२)संरचनात्मक बोधको अभाव**

गणित साङ्केतिक संरचनाको अध्ययन हो । गणितीय सिकाइ र बोधको गुणस्तरीयता हरण गर्ने प्रमुख कारक हो यसको संरचनात्मक अध्ययनको अभाव देखिएको छ । गणितका आफ्नै सांकेतिक शब्दावली, भाषा सिद्धान्त र आधारभूत मान्यताहरु छन् । यसको आफ्नै दर्शन र संरचनात्मक अस्तित्व छ । यो अमूर्त छ र मूर्त क्रियाकलापको अपेक्षा राख्दछ । गणितीय संरचनाको बोधले सिकाइमा प्रत्यक्ष र सकारात्मक प्रभाव पार्दछ । उसमा संरचनात्मक बोधको अभाव छ । शिक्षकहरुमा पनि गणितीय संरचनाको राम्रो बोध र संरचनात्मक शिक्षण कलाको विकास हुनु जरुरी छ । तसर्थ विद्यार्थीहरुमा संरचनात्मक अध्ययनको अभावले गणितप्रति वितृष्णा जागेको प्रष्ट देखिएको छ ।

**(३) पर्याप्त अभ्यासमा कमी**

पाठ्यक्रममा समाविष्ट विषयहरुमध्ये सबैभन्दा धेरै अभ्यासको माग गर्ने विषय गणित नै हो । अभ्यासविना गणितमा दख्खलता प्राप्त हुन सक्दैन । वर्तमान समयमा अधिकांश विद्यार्थीहरुमा अभ्यास गर्ने लत खस्कँदो अवस्थामा छ । अभ्यास र गणितीय सीप विकासमा समानुपातिक सम्बन्ध भएको तर विद्यार्थीहरुको अभ्यास गर्ने दर घट्दो क्रममा भएकाले यसमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । अभ्यासको कमीका कारण समस्या समाधानमा रुचिको जागरण हुन सकेको छैन । समस्यासँग परिचित हुने र समाधान गर्ने बानीको निर्माण हुन नसक्नुले गणितीय समस्याले त्रास उत्पन्न गराउँदै गएको छ ।

**(४) गृहकार्यको उपेक्षा**

गणितीय अभ्यासलाई निरन्तरता दिने र यसको सीपमूलक उपलब्धिलाई गुणस्तरीय रुपबाट विकास गराउने काम गृहकार्यले गर्दछ । अभ्यासलाई पर्याप्तता दिने काम केवल गृहकार्यले मात्र गर्न सक्ने तर सामुदायिक विद्यालयका अधिकांश विद्यार्थीहरुले गृहकार्यलाई उपेक्षा गरेका कारण यही गणित उनीहरुका लागि त्रासदीपूर्ण विषयको रुपमा देखापरेको छ । शिक्षकले गृहकार्य नदिने, विद्यार्थीले गृहकार्य नगर्ने र शिक्षकले गृहकार्य परीक्षण गरी सुधारोन्मुख पृष्ठपोषण प्रदान नगरेका कारण गणितप्रति वितृष्णा बढ्दै गएको देखिन्छ ।

**(५) सिकाइमा अनुशासनको अभाव**

वर्तमान समयमा शिक्षक र विद्यार्थीको व्यवहारमा स्थायीत्व कायम हुन सकेको छैन । एक-अर्कामा जतिसुकै सामीप्यता बढ्दै गए पनि त्यो सिकाइद्वारा निर्देशित हुन सकेको छैन । विद्यार्थीमा सिकाइ अनुशासनको खडेरी बढ्दै जाँदा सिकाइको प्राङ्गणबाट उनीहरु टाढिँदै गएका छन् । गणित सिकाइमा विद्यार्थीहरु मानसिक रुपमा उपस्थित हुन नसक्दा शिक्षकप्रति उनीहरु भावनात्मक रुपमा नजिकिए पनि सिकाइ केन्द्रित भएर नजिकिने अवस्था टाढिँदै गएको छ । अनुशासनले सिर्जनात्मक सिकाइमा सकारात्मक प्रभाव पार्ने हुनाले यसैको अभावमा सिर्जनशीलता लोप हुँदै गएको छ ।

**(६) सान्दर्भिक शैक्षिक सामग्री निर्माण र प्रयोग नहुनु**

प्रभावकारी शैक्षिक सामग्रीविना गणितीय विषयवस्तुको धारणालाई स्थापित गराउन सकिँदैन । गणितको गुणस्तरीय सिकाइको लागि शैक्षिक सामग्री अनिवार्य छ । गणितका शिक्षकहरुमा शैक्षिक सामग्री बनाउने पर्याप्त ज्ञान र जाँगर नहुँदा गणित पढाइएको छ तर सिकाइएको छैन । जबसम्म विषयवस्तु सान्दर्भिक सामग्रीको निर्माण र प्रयोगद्वारा कलात्मक शिक्षणविधिको अनुशरण गर्न सकिन्न तबसम्म गणित शिक्षकले मैले सिकाएँ भनेर गर्व गर्नु व्यर्थ छ । शैक्षिक सामग्रीको प्रयोग किन गर्ने त ? किनकि: सामुदायिक विद्यालयले र सम्बन्धित शिक्षकले गणितप्रतिको वितृष्णलाई हटाउने यो अनिवार्य शर्तलाई गहन ढंगबाट बोध नगरेसम्म गणितप्रतिको त्रास अझ गहिरिँदै जाने निश्चित छ ।

**(७) सामुहिक एकता र समर्पणको अभाव**

शिक्षकहरुको सामुहिक एकता र विद्यार्थीसँगको शिक्षण सापेक्ष सामीप्यताले विद्यालयलाई गुणस्तरीय शैक्षिक उत्पादनको केन्द्र बनाउन सकिन्छ । विद्यालयको साझा उद्देश्यमाथि सबैको सामुहिक एकता र लगावले सिकाइलाई अर्थपूर्ण बनाउन सकिन्छ । पाठ्यक्रमका हरेक विषयहरु अन्तरसम्बन्धित हुन्छन् । कुनै एक विषयको सिकाइपूर्ण आत्मविश्वासले अर्को विषयको सिकाइलाई असर पार्ने हुनाले तुलनात्मक रुपमा कठिन र अमूर्त मानिने गणितलाई अन्य विषयले सहयोग गर्न सकेको छैन । *-इहिमालय टाइम्स डटकम*

# नाट्टाको दोस्रो पदयात्रा तानसेनदेखि राम्दीसम्म



**पाल्पा,** साउन १४/जिल्लाका पर्यटन व्यवसायीको छाता संगठन नेपाल एसोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) पाल्पाले सञ्चालन गरेको नयाँ पर्यटकीय गन्तव्यहरुको खोजी अभियान अन्तर्गतको दोस्रो दिन तानसेनदेखि राम्दीसम्मको पदयात्रा भएको छ ।

पहिचान हुन नसकेकाहरु पर्यटकीय स्थलहरुको खोजी गर्ने उद्देश्यले सञ्चालन गरेको अभियान प्रत्येक शनिबार हुँदै आएको छ । अभियानको दोस्रो शनिबारको पदयात्रा टोली तानसेनको दरबार परिसरबाट सुरु भई राम्दी पुगेर फर्किएको थियो । दरबार परिसरबाट पदयात्रामा निस्किएको टोली बग्नासकालीको नायर हुँदै तीन छाँङ्गे गाउँमा पुगेको थियो । त्यहाँ पुगेको टोलीलाई स्थानीयले भव्य स्वागत गरेका थिए । स्थानीय शिक्षक भोजबहादुर चर्चीले पदयात्रामा पुगेको टोलीलाई त्यहाँको वस्तुस्थितिका बारे जानकारी गराएका थिए । खानीछापका युवा नेता मोहन थापाले तिनछाङे झरनाको इतिहासका बारेमा बताएका थिए । उनले पर्यटन प्रवर्द्धनका लागि त्यहाँ गर्न सकिने भावी योजनाका बारे समेत जानकारी गराए । करिव ४०-५० फुट अग्लो स्थानमा रहेको तीन झर्नाको मनोरम दृश्यले त्यहाँ पुगेको टोलीलाई मोहित बनाएको थियो । उनीहरुले त्यहाँको झरनामा नुहाएर आनन्द लिएका थिए । त्यहाँबाट हिडेको ट्रेकिङको टोली गुरुखोला दुर्गा मन्दिर प्रतिक्षालय पुगी कोणशभामा परिणत भएको थियो ।

स्थानीय व्यक्ति कुलप्रसाद अर्यालले त्यहाँका शम्भाव्य पर्यटकिय क्षेत्र मध्ये तीन छाँडा झरना, चमेरा गुफाको प्रचार र बञ्जिजम निर्माणको अवधारणाबारे स्थलगत अवलोकन गराउदै जानकारी गराएका थिए । उनले यहाँका क्षेत्रललाई पर्यटन प्रवर्द्धनमा ध्यान दिन आग्रह गरे । पदयात्रामा गएको टोलीलाई स्थानीय टोपबहादुर गाहाले सहजीकरण गरेका थिए । स्थानीय वडाका जनप्रतिनिधिहरु पनि त्यहाँ पुगेका थिए । टोली मल्याङ हुँदै राम्दी पुरेर तानसेन फर्केको थियो । नाट्टा पाल्पा च्याप्टरका अध्यक्ष राजिवकुमार शाहको अध्यक्षता र लुम्विनी प्रदेश नाट्टाकी अध्यक्ष रचना पन्तको प्रमुख आतिथ्यता र होमस्टे नेपालका केन्द्रीय उपाध्यक्ष धनिस्वर वस्यालको नेतृत्वमा ३५ जनाको जम्वो टोलीले पदयात्रा गरेको नाट्टा पाल्पा च्याप्टरका सचिव सतिश राज शाक्यले जानकारी दिए ।

तानसेन नगरपालिका, टुरिजम एक्सन कमिटी तानसेन र नाट्टा लुम्बिनी प्रदेशसँगको सहकार्यमा साउनको पहिलो शनिबारदेखि नाट्टा पाल्पाले पदयात्रा सुरु गरेको हो । साउन भर हरेक शनिबार पदयात्रा हुनेछ । पदयात्रामा जिल्लाका सम्भाविभत नयाँ पर्यटकीय स्थलहरुको खोजी गरिने छ ।

# गुल्मीको सिद्धबाबामा होटल म्यानेजमेण्टको पढाई

**सरस्वती जिसी**

**गुल्मी,** साउन १३/गुल्मीको तम्घासस्थित सिद्धबाबा माध्यमिक विद्यालयमा व्यवस्थापनतर्फ पहिलो पटक होटल म्यानेजमेण्टको पढाई सुरु भएको छ । जिल्लामा राम्रै पहिचान बनाएको विद्यालयले यस वर्षदेखि होटल म्यानेजमेण्टको पढाई सुरु गरेको हो ।



होटल म्यानेजमेण्ट धेरै विद्यार्थीहरुको रोजाइको विषय भएकाले रेसुङ्गा नगरपालिकाबाट स्वीकृत लिएर पढाउन सुरु गरिएको विद्यालयका प्रधानाध्यापक डोरविक्रम श्रीसले बताए । ५० जनाभन्दा बढी विद्यार्थीहरु होटल म्यानेजमेण्ट विषय पढ्नको लागि विद्यालयमा भर्ना भएका छन् । व्यवस्थापन विषय पढ्ने खर्चमै होटल म्यानेजमेण्ट पढाई सञ्चालन गर्ने कोसिसमा विद्यालयहरु रहेको प्रधानाध्यापक श्रीसले बताए । होटल म्यानेजमेण्ट अध्ययन गर्ने विद्यार्थीहरुले व्यवहारिक सीप हाँसिल गर्न जाँदा र प्राक्टिकलको काम गर्दा लाग्ने सम्पूर्ण खर्चहरु यो वर्ष विद्यालयले व्यहोर्ने बताइएको छ । अन्य सामान्य शुल्क भने लाग्ने छ । पहिलो पटक भएकाले होटल म्यानेजमेण्टका लागि छुट्टै ल्याब बनाउने तयारी गरिएको विद्यालयले जनाएको छ । लुम्बिनी प्रदेशमै अन्तर्राष्ट्रिय अवार्ड प्राप्त गर्न सफल यस विद्यालयमा विज्ञान, व्यवस्थापन, कानून, शिक्षा, मानविकी, कम्प्युटर इन्जिनियरिङ्गका विभिन्न विषयहरु समेत पढाई हुँदै आएको छ । जिल्लामै होटल म्यानेजमेण्ट अध्ययन सुरु भए पछि धेरै शुल्क तिरेर बाहिर जानुपर्ने बाध्यता भने हटेको छ ।

**होटल म्यानेजमेन्टमा विद्यार्थीको आकर्षण**

अहिले एसईईपछिको शिक्षाको यात्रा भनेको कक्षा ११ हो । एसईईपछि होटल म्यानेजमेन्ट विषय पढ्ने विद्यार्थीको संख्या पछिल्लो समयमा उल्लेख्य रूपमा बढेको छ । रोजगारीको अवसर पनि पर्याप्त भएका कारण यस विषयतर्फ विद्यार्थीको आकर्षण बढेको हो । सैद्धान्तिक र व्यावहारिक दुवै विषयको मिश्रणका कारण अधिकांश उच्च मावि र कलेजमा होटल म्यानेजमेन्ट विषय पढाउने गरेका छन् । अरू विषयभन्दा छिटो अवसर पाइने भएकाले पनि यो विषयमा विद्यार्थीको आकर्षण बढ्दो छ । होटल म्यानेजमेन्ट पढेर यसैमा व्यावसायिक बन्न इन्टर मिडिएट (प्लस टू) मात्र पास गरेर पुग्दैन । यो लेवलमा होटल म्यानेजमेन्ट सम्बन्धी सामान्य ज्ञान हुन्छ र स-साना अवसर पनि पाइन्छ तर व्यावसायिक बन्न ब्याचलर्स (बीएचएम) गर्नु आवश्यक हुन्छ ।

बीएचएमको चार वर्षे कोर्स सकेपछि देशकै राम्रो होटलमा सेफ बनेर नयाँ-नयाँ खानाका आइटम उत्पादन गर्न सक्ने जनशक्ति तयार हुन्छ भने विदेशमा पनि बीएचएम गर्नेको माग धेरै हुन्छ । अरूको रोजगारी गर्न मन नहुनेले आफैं होटल, रेस्टुरेन्ट खोलेर सञ्चालन गर्ने क्षमताको समेत विकास हुने हुँदा स्वरोजगार बन्ने र अरूलाई रोजगारी दिने अवसर पनि बन्न सक्छ । अरू विषयभन्दा छिटो अवसर पाइने भएकाले पनि यो विषयमा विद्यार्थीको आकर्षण बढ्दो रहेको हो ।

## खेलकुद समाचार

# होजलन्ड म्यानचेस्टर युनाइटेडमा अनुबन्ध



**काठमाडौं,** साउन १४/म्यानचेस्टर युनाइटेडले सिरी ए क्लब एट्लान्टाका डेनिस स्ट्राइकर रासमुस होजलन्डलाई ७ करोड २० लाख पाउण्डमा अनुबन्ध गरेको छ । एटलान्टाले युनाइटेडको ७ करोड २० लाख पाउण्डको प्रस्ताव स्वीकार गर्दै होजलन्डलाई बिक्री गरेको हो ।

२० वर्षीय फरवार्डका लागि युनाइटेडले ६ करोड ४० लाख पाउण्ड ट्रान्सफर रकम र ८० लाख पाउण्ड बोनसको रुपमा दिनेछ । गत सिजनमात्र एटलान्टा आएका होजलन्डले ३४ खेलमा १० गोल गरेका छन् । युवा अवस्थामा नै शीर्ष लिगमा जमेका होजलन्डले युनाइटेडसँग ५ वर्षको सम्झौता गर्ने प्रबल सम्भावना रहेको छ । युनाइटेडले होजलन्डलाई यस सिजनको तेस्रो अनुबन्धन बनाउन लागेको हो । यसअघि क्लबले ५करोड ५० लाख पाउण्ड खर्चेर चेल्सीबाट मिडफिल्डर मेसन माउन्ट र ४ करोड ७० लाख पाउण्डमा इन्टर मिलानका गोलरक्षक आन्द्रे ओनानालाई अनुबन्ध गरिसकेको छ । होजलन्डलाई अनुबन्ध गर्न फ्रान्सेली क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी) ले पनि चासो दिएको थियो । तर केलियन एमबाप्पेको भविष्य अझै प्रष्ट नहुँदा क्लबले अहिले आन्तरिक समस्या सुल्झाउन व्यस्त रहेको छ । सन् २०२२ मा डेनमार्कको राष्ट्रिय टोलीबाट डेब्यु गरेका होजलन्डले ६ खेलमा ६ गोल गरिसकेका छन् । अनुबन्धन प्रकृया पूरा भएको खण्डमा होजलन्डले आउने शनिबार ओल्ड ट्रफोर्डमा युनाइटेडको प्रि-सिजन मैत्रीपूर्ण खेल खेल्न सक्नेछन् ।

**वर्गिकृत डिस्प्ले**

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

यस कम्पनीको साविक नाम **ग्रिष्मा इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन** द.नं. १९६२१४/०७५/०७६ को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ॠण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री **कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०४/०९** गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ग्रिष्मा इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स** कायम गरिएको व्यहोरा जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

## अर्थ/कर्पोरेट समाचार

# साताको कारोबार पहिलो दिन नेप्से घट्यो



**पाल्पा,** साउन १४/साताको कारोबार पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक घटेको छ । आइतबार नेप्से २६ दशमलव १४ अंकले घटेको हो ।

नेप्से घटेसँगै दुई हजार एक सय दशमलव ३४ बिन्दुमा सीमित भएको छ । विभिन्न दुई सय ६६ वटा कम्पनीको ६८ लाख ६० हजार ४२ कित्ता शेयर ४६ हजार तीन सय २७ पटक खरिदबिक्री हुँदा दुई अर्ब ५० करोड २८ लाख ८६ हजार पाँच सय २७ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । म्युचुअल फन्ड शून्य दशमलव ०४ अंकले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै निर्जीवन बीमा समूह दुई सय १० दशमलव ३७ अंक र जीवन बीमा समूह एक सय ८८ दशमलव १८ अंकले घटेको छ । सो अवधिमा बैंकिङ सात दशमलव ९८, विकास बैंक ५९ दशमलव १६, वित्त ४३ दशमलव ६५, होटल तथा पर्यटन एक सय २० दशमलव ८२ र जलविद्युत् ३३ दशमलव ६५ अंकले घटेको छ । त्यसैगरी, लगानी समूह शून्य दशमलव ५९, उत्पादन तथा प्रशोधन ३२ दशमलव ७९, लघुवित्त ६५ दशमलव ३५, व्यापार ६० दशमलव ०९ र अन्य समूह २८ दशमलव ५१ अंकले घटेको छ । यस अवधिमा कारोबारमा सबैभन्दा धेरै पिपुल्प पावर लिमिटेडको शेयर मूल्य प्रतिकित्ता तीन दशमलव ५६ प्रतिशतले दरले बढेको छ भने सबैभन्दा मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ७८ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको १४ करोड ७८ लाख ७४ हजार तीन सय ४९ बराबरको शेयर किनबेच भएको छ ।

**चट्याङको समयमा सतर्क रहौं ।**


**चट्याङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी.कम

www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई